# लोक सेवा आयोग
# प्रेस विज्ञप्ति

**आर्थिक बर्ष २०७२/७३ को पदपूर्ति सम्बन्धी बार्षिक कार्यतालिका स्वीकृत सम्बन्धमा**

लोक सेवा आयोगको आर्थिक वर्ष २०७२/७३ को पदपूर्ति सम्बन्धी बार्षिक कार्यतालिका आयोगबाट स्वीकृत भएको छ । आयोगले निजामती सेवाका पदपूर्तिका लागि सिफारिश गर्ने सम्बन्धमा प्रत्येक आर्थिक वर्षको शुरुमा वार्षिक कार्यतालिका आयोगबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने गरेको छ । बार्षिक कार्यतालिकामा पदपूर्तिको लागि माग भएका विभिन्न सेवा समूह उपसमूह, श्रेणी तथा पदहरुको पदपूर्ति हुने किसिम, तिनको विज्ञापन/सूचना प्रकाशन गर्ने, लिखित परीक्षा सञ्चालन गर्ने, लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने तथा अन्तर्वार्ता र नियुक्तिको लागि सिफारिश गर्ने समयावधि समेत उल्लेख गर्ने गरिन्छ । आर्थिक वर्ष २०७२/७३ को पदपूर्ति सम्बन्धी बार्षिक कार्यतालिकामा आयोगले विगतका वर्षहरुमा भन्दा सामान्य हेरफेर गरेको छ । रिक्त पदहरुको पदपूर्तिको लागि आयोगबाट हुने विज्ञापनहरु मध्ये अत्याधिक मात्रामा दरखास्त पर्ने राजपत्र अनंकित प्रथम श्रेणी नायब सुब्बा वा सो सरह र राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरह (अप्राविधिक तर्फ) का पदहरुको लागि परीक्षा सञ्चालन सम्बन्धी कार्यहरुमा अत्याधिक श्रम, लागत र समय लाग्ने भएकोले उक्त पदहरुको लागि प्रथम र दोस्रो चरणको परीक्षा सञ्चालन गर्ने गरी आयोगले वार्षिक कार्यतालिका २०७२/७३  स्वीकृत गरेको छ ।

राजिव गौतम

प्रवक्ता